# केपी ओली कप क्रिकेट : उपाधिका लागि मधेश र आर्मी भिड्ने

**हिमालय टाइम्स**

पोखरा, १४ मंसिर



केपी ओली कप क्रिकेटको फाइनलमा मधेश प्रदेश र त्रिभुवन आर्मी क्लब भिड्ने भएका छन् । बिहीबार भएको सेमिफाइनलमा जित हात पार्दै दुवै टोलीले फाइनलमा स्थान बनाएका हुन् । दोस्रो सेमिफाइनल खेलमा नेपाल एपिएफ क्लबलाई ११ रनले हराउँदै मधेशले फाइनलमा स्थान बनायो ।

जितका लागि १९८ रनको विशाल विजयी लक्ष्य पछ्याएको एपिएफले २० ओभरमा नौ विकेट गुमाउँदै १८६ रन बनायो । एपिएफका सन्दीप जोराले ३१ बलमा तीन चौका र पाँच छक्कासहित ५४ रन बनाउनुभयो । प्रदीप ऐरी ४२ बलमा तीन चौका र चार छक्कासहित ५५ रनमा आउट हुनुभयो ।

मधेशको जितमा ओपनर अनिल शाहले ३६ बलमा दुई चौका र ६ छक्कासहित ५७ रनको उत्कृष्ट इनिङ खेल्नुभएको थियो । शीर्षक्रमका ब्याटर इमरान शेखले ३२ बलमा तीन चौका र चार छक्कासहित ५० रन बनाउनुभएको थियो ।

ओपनर तथा कप्तान हरिशंकर शाह १२ बलमा एक चौकासहित १० रनमा आउट हुनुभयो । दोस्रो विकेटका लागि अनिल र इमरानले ९२ रनको साझेदारी गर्नुभएको थियो । पवन सर्राफ १९ बलमा चार चौका र दुई छक्कासहित ३३ रनमा आउट हुनुभयो । रूपेश सिंहले आठ बलमा तीन चौका र एक छक्कासहित २१ रन बनाउनुभयो ।

हिमांशु दत्त सात बलमा दुई चौका र एक छक्कासहित १५ तथा विशाल सुस्लिङ र मयन यादवले समान चार रन बनाउनुभयो । एपिएफका स्पिनर मौसम ढकालले चार ओभरमा ४७ रन खर्चेर तीन विकेट लिनुभयो । अमरसिंह राउटेलाले चार ओभरमा ३० रन खर्चेर दुई विकेट लिनुभयो ।

आर्मीले पहिलो सेमिफाइनल खेलमा बागमती प्रदेशलाई चार विकेटले हराएको थियो । जितका लागि १२८ रनको विजयी लक्ष्य पछ्याएको आर्मीले १५ ओभरमा ६ विकेट गुमाउँदै पूरा गऱ्यो । आर्मीको जितमा भीम सार्कीले ३५ बलमा पाँच चौकासहित ३९ रन बनाउनुभयो । सोमपाल कामी १४ बलमा एक छक्कासहित १५ रनमा नट आउट रहनुभयो ।

आर्मीका ओपनर तथा कप्तान विनोद भण्डारीले १२ बलमा तीन चौका र दुई छक्कासहित २५ रन बनाउनुभयो । कुशल मल्लले आठ बलमा चार छक्कासहित २७ रन जोड्नुभयो । सन्तोष कार्की सात, रोहित पौडेल शून्य र बसिर अहमद पाँच रनमा आउट हुनुभयो ।

बागमतीका कप्तान सन्दीप लामिछानेले चार ओभरमा ३४ रन खर्चेर दुई विकेट लिनुभयो । प्रतिश जिसी, इशान पाण्डे, रित गौतम र सोनु देवकोटाले एक-एक विकेट लिनुभयो ।

त्यसअघि पोखरा क्रिकेट रंगशालामा टस जितेर पहिला ब्याटिङ रोजेको बागमतीले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १२७ रन बनाएको थियो । बागमतीका प्रतीक श्रेष्ठ ३५ बलमा तीन चौका र चार छक्कासहित ५० रनमा नट आउट रहनुभयो ।

सन्दीप लामिछाने २२ बलमा दुई चौका र एक छक्कासहित १९, रित गौतम १४, इशान पाण्डे १२ र गौरव खड्का आठ रनमा आउट हुनुभयो ।

आर्मीका सोमपाल कामीले चार ओभरमा २९ रन खर्चेर दुई विकेट लिनुभयो । साहब आलमले चार ओभरमा एक मेडनसहित १४ रन खर्चेर चार विकेट लिनुभयो । विवेक यादवले एक विकेट लिनुभयो ।

# बागमतीले महिला क्रिकेटका तीन प्रतियोगिता आयोजना गर्दै

**हिमालय टाइम्स**

काठमाडौं, १४ मंसिर



प्रदेश खेलकुद विकास परिषद् बागमतीले आज (शुक्रबार)देखि महिला क्रिकेटका तीन प्रतियोगिताको आयोजना गर्ने भएको छ । बागमती प्रदेश खेलकुद विकास परिषद् र बागमती प्रदेश क्रिकेट संघले बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री कप महिला क्रिकेट छनोट प्रतियोगिता, बागमती प्रदेश एलिट ट्रफी र बागमती प्रदेश द्विपक्षीय सिरिजको सम्पूर्ण तयारी पूरा भएको जनाएका छन् ।

तीन प्रतियोगिताको आयोजनाबाट प्रदेशको महिला क्रिकेट टिमको निर्माण हुनेछ । साथै प्रधानमन्त्री कपका लागि खेलाडीले तयारीसमेत गर्न पाउनेछन् ।

शुक्रबारबाट सुरु हुने प्रतियोगिता मंसिर २९ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा बागमती प्रदेशका विभिन्न जिल्लाका ६४ खेलाडीको सहभागिता रहने बताइएको छ ।

बागमती प्रदेशका विभिन्न जिल्लाका खेलाडीलाई लिएर काठमाडौं, भक्तपुर, ललितपुर, चितवन टिम तयार गरिएको छ । चितवनमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालालाई केन्द्रमा राखेर सुरुवातमा शुक्रबारदेखि सोमबारसम्म महिला प्रधानमन्त्री कपको छनोट प्रतियोगिता हुनेछ ।

त्यसपछि बागमतीको रातो, हरियो र निलो टिम तयार गरेर बागमती महिला इलिट ट्रफीको सञ्चालन गरिनेछ । प्रतियोगिता गौतमबुद्ध क्रिकेट रंगशाला र मूलपानी क्रिकेट मैदानमा मंसिर ७ देखि ११ गतेसम्म हुने परिषद्ले जनाएको छ ।

इलिट ट्रफीबाट बागमती प्रदेशको टिम तयार गरेर बागमती प्रदेशको महिला क्रिकेट टिम र विभागीय टिम एपिएफको तीन म्याचको दुईपक्षीय सिरिजको आयोजना गर्ने कार्यक्रमको तालिका रहेको छ । मूलपानी क्रिकेट मैदानमा हुने प्रतियोगितालाई बागमतीले प्रधानमन्त्री कप महिला क्रिकेटको तयारीका रूपमा पनि लिएको छ । प्रधानमन्त्री कप महिला क्रिकेट पुस १ गतेबाट सञ्चालन गर्ने क्यानको तयारी छ ।

प्रधानमन्त्री कपका लागि प्रदेशको महिला टिम छनोट गर्न र खेलाडीलाई प्रतियोगिताका लागि तयार गर्न प्रदेश खेलकुद र प्रदेश क्रिकेट संघ मिलेर झण्डै दुई हप्ता चल्ने तीन प्रतियोगिता सुरु गर्न लागेका हुन् ।

बागमतीको सोही महिला टिमले फागुन २४ गतेदेखि हुने पहिलो अन्तरप्रदेश राष्ट्रिय खेलकुदमा सहभागी गराउने बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीले जानकारी दिनुभयो ।

# फुटबलको वरीयता खस्कियो

**हिमालय टाइम्स**

काठमाडौं, १४ मंसिर

नेपालको पुरुष फुटबलको फिफा वरीयता दुई स्थान तल झरेको छ । विश्व फुटबलको सर्वोच्च निकाय फिफाले बिहीबार सार्वजनिक गरेको वरीयताअनुसार दुई स्थान तल झरेको हो । फिफाले बिहीबार जारी गरेको वरीयताअनुसार नेपाल १७५औं स्थानमा छ । यसअघिको नेपालको वरीयता १७३ औं स्थानमा रहेको थियो ।

विश्वकप फुटबलको दोस्रो चरणको छनोटमा युएई र यमनसँग लगातार पराजय भोगेको नेपालको वरीयतासमेत घटेको हो । दक्षिण एसियामा नेपालभन्दा माथि रहेको भारत १०२औं स्थानमा, अफगानिस्तान १५८औं स्थानमा र माल्दिभ्स १६१औं स्थानमा छन् ।

नेपालभन्दा तल रहेको बंगलादेश १८३औं स्थानमा, भुटान १८४औं स्थानमा, पाकिस्तान १९५औं स्थानमा र श्रीलंका २०४औं स्थानमा छ ।

विश्व वरीयतामा अर्जेन्टिना पहिलो र फ्रान्स दोस्रो स्थानमा छन् । इंल्याण्ड विश्व वरीयताको तेस्रो स्थानमा उक्लिँदा बेल्जियमले समेत चौथो स्थानमा आफूलाई राखेको छ ।

विश्वकप छनोटमा लगातार तीन हार बेहोरेको ब्राजिल पाँचौं, नेदरल्याण्ड्स छैटौं, पोर्चुगल सातौं, स्पेन आठौं, इटाली नवौं र क्रोएसिया दशौं स्थानमा छ ।

यसैबीच नेपाल फुटबल खेलाडी संघ र निर्वाणा कलेज तथा स्कुलबीच सहकार्य गर्ने सम्झौता भएको छ । ललितपुरको कुमारीपाटीस्थित निर्वाणा कलेजमा भएको एक कार्यक्रममाझ दुई पक्षबीच सम्झौता भएको हो । कलेजका तर्फबाट प्रधानाध्यापक मणिराम बञ्जाडे र संघका तर्फबाट अध्यक्ष विक्रम लामालगायतले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो ।

सम्झौताअनुसार कलेज र संघले शैक्षिक र खेल करिअर एकसाथ अघि बढाउन सक्ने क्षमता भएका फुटबल खेलाडीहरूलाई छात्रवृत्ति प्रदान गर्न सहकार्य गर्नेछन् । दुवै पक्षले समुदायभित्र फुटबल खेललाई प्रवर्द्धन र विकास गर्न सहकार्य गर्नेछन् ।

फुटबल प्रतियोगिता र कार्यक्रम आयोजनामा पनि दुई पक्ष मिलेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको छ । स्कुलले खेलाडीका छोराछोरीलाई शिक्षामा ५० प्रतिशत छात्रवृत्ति दिने सहमति भएको छ ।

# बुद्धिचालमा विदेशी खेलाडी हावी

**हिमालय टाइम्स**

हेटौंडा, १४ मंसिर



हेटौंडामा जारी हेटौंडा कप एसियाली खुला बुद्धिचाल प्रतियोगितामा बिहीबार तेस्रो चरणका खेल सम्पन्न भएका छन् । भारतका सुभयान कुण्डु, बंगलादेशका आइएम मोहमद मिजाउदिन, फिडे मास्टर, मोहमद सरिफ, हुसैन नयेम हक, भारतीय एफएम अर्बिन्देर प्रित सिंह, एरिना एफएम सौरभ चौबे, श्रयण मजुम्दार र अमरदीप बर्ट्टके समान तीन अंकसहित संयुक्तरूपमा शीर्ष स्थानमा छन् ।

२३९३ रेटिङ भएका यस प्रतियोगिताका शीर्ष वरीयताका भारतीय खेलाडी कुण्डुले तेस्रो चरणमा नेपाली यू-१५ का पुरुषोत्तम सिलवाललाई हराउनुभएको थियो । नेपालका सुश्रुत दाहाललाई माथ दिँदै दोस्रो वरीयताका बंगलादेशी आइएम मोहमद मिजाउदिनले पनि तीन अंक बटुल्न सफल हुनुभयो ।

बंगलादेशी एफएम मोहमद सरिफले नेपालका राजन सुवेदीलाई र नयेम हक भारतनका मोहित कसमार सोनीलाई पराजित गर्नुभयो । भारतीय एफएम अर्बिन्देर प्रित सिंहले भारतकै शसुन्तोष कुमारलाई पन्छाउनुभयो भने एरिना एफएम सौरभ चौबेले भारतका अमित धोन्दियाललाई माथ दिनुभयो ।

यसैगरी, भारतका श्रयण मजुम्दारले बंगलादेशका मोहमद रसिदलाई पराजित गर्न सफल हुनुभयो । अमरदीप बर्ट्टकेले श्रीलंकाका खेलाडी सचिने रणसिंघेमाथि बाजी मार्नुभयो ।

बंगलादेशी अन्तर्राष्ट्रिय मास्टर (आइएम) अबु सुफियान शकिल भारतीय १७६३ रेटिङ भएका कमद मिश्रसँग बराबरमा रोकिनुभयो । दुवैको समान २.५ अंक छ । त्यसैगरी बंगलादेशी एफएम देवराज चतर्कीलाई दोस्रो झड्का दिँदै भारतीय खेलाडी राज देव, राहुल गुरुङ र फतिमा मरिउम समान साढे दुई अंकका साथ पछ्याउँदै हुनुहुन्छ । वर्तमान नेपाल च्याम्पियन एफएम रूपेश जैसवाल, श्रीलंकन महिला अन्तर्राष्ट्रिय मास्टर(डब्लुएफएम) सचिनी रानासिंघे, पुरुषोत्तम सिलवाल, एआइएम सुश्रुत दाहाल, एफएम अहमेद शेख नासिर, पूर्व नेपाल च्याम्पियन सिएम पुरुषोत्तम चौलागाईं, युवा खेलाडी शुभम् श्रेष्ठ र राजन सुवेदीको दुई अंक छ । त्यस्तै मोहितकुमार सोनी, आसुतोष कुमार, अमित धोड्दियाल, मोहमद रसिद सिद्दिकी, पंकज बोर्से, अक्षत नेगी, आशिष राई, आदित्य बर्कते, झिल्के मोक्तान, सोम्यजित दास, देवौस्निक डे, अमन कुमार, आर्तिन्जय साह, धिरेन राई, अभिनव चौहान र कृष्ण सिग्देल समान २ अंक जोड्न सफल हुनुभएको छ ।

कुल पाँच लाख ८७ हजार ५०० रुपैयाँ पुरस्कार रहेको प्रतियोगिताको विजेताले एक लाख २५ हजार रुपैयाँ प्राप्त गर्ने छन् । उत्कृष्ट १५ र क्याटवरी २३ गरी कुल ३८ जना खेलाडीले नगद पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिता नेपाल बुद्धिचाल महासंघको विशेष सहयोगमा तथा नेपाल खेलकुद महासंघ, हेटौंडा चेस क्लब र मकवानपुर जिल्ला बुद्धिचाल संघले संयुक्तरूपमा आयोजना गरेका हुन् ।


## अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

### नदीजन्य पदार्थको उत्खनन् तथा विक्रीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८०/०८/१५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च) र यस अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०/०८/११ को निर्णय अनुसार तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी अर्जुनधारा नगरिपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसील बमोजिमका सर्तहरुका अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम कबोल रकम (सेवा शुल्क/ मु.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | AM/IR/ 06/080/81 | टाङटिङ नदी प्याकेज १ र सुखानी खोलाबाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री | २१९७५६५४/- | ५०००।- | कबोल अंकको ५ (**पाँच**) प्रतिशत |
| २ | AM/IR/ 07/080/81 | टाङटिङ नदी प्याकेज २ बाट नदीजन्य सामाग्री उत्खनन् तथा बिक्री | २२६२३२०७.७३ | ५०००।- | कबोल अंकको ५ (**पाँच**) प्रतिशत |

**शर्तहरु :-**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा एन.आई.सि. एसिया बैंक शाखा कार्यालय, शनिश्चरे मा रहेको यस कार्यालयको राजस्व खाता नं. ००९२०५०५११२५८०१२ मा नगद जम्मा गरेको नगद भौचर साथ मिति २०८०/०८/२२ गते दिनको १२ बजे भित्र विद्युतीय माध्यमबाट खरिद तथा दाखिला गर्न सकिनेछ । विद्युतीय माध्यबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np/egp** बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि एसिया मा रहेको धरौटी खाता नं. ००९२०५०५११२५८०१८ जम्मा गरि सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरि विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु मिति २०८०/०८/२२ गते दिनको १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

६. बोलपत्र स्वीकृत पश्चात कबोल अंकको ४० प्रतिशतले हुने रकम सम्झौताको समयमा र दोश्रो किस्ताबापत ३० प्रतिशत र तेस्रो किस्ता वापत ३० प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८१ आषाढ मसान्तसम्म म्याद रहेको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ ।

७. बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मु.अ. कर वापतको रकम समेत अग्रिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुटै बुझाउनु पर्नेछ ।

८. ठेक्का कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको (भ्याट बाहेकको) १० प्रतिशत छुट दिइनेछ ।

९. नदीजन्य पदार्थ ढुवानी गर्न सडकहरुमा खाल्डा खुल्डी पुर्न सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नु पर्नेछ । सो वापत खर्च दावी गर्न पाइने छैन ।

१०. रोडा, ढुङ्गा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत नियमन सम्बन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ । अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारवाही गरिनेछ । यसरी उत्खनन गरेको परिमाणका लागत प्रत्येक १५/१५ दिनमा यस नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

११. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधीको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठन गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२. स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको स्थानबाट तोकिएको परिमाणमा निर्माण सामाग्री उत्खनन, संकलन, घाटगद्धी विक्री वितरण गर्नुपर्नेछ । सो तोकिएको परिमाण तथा नाका भन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाइनेछैन ।

१३. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण तथा अन्य शर्तहरुका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

१४. यस सूचना बमोजिम ठेक्का बन्दोवस्त भई सम्झौता हुँदाको मितिसम्म नगरपालिकाले अमानतबाट सङ्कलन गरिएको रकम घटाई सम्झौता गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Navrajpur Rural Municipality
## Office of Rural Municipal Executive
**Navrajpur, Siraha**

**Madhesh Province, Nepal**

### Ammendment Notice

**Date of Publication:2080-08-15(01 Dec,2023)**

1. With reference to the invitation to electronic bids (e-bids) Contract No. NRM/NCB/WORKS/2080/81-03 for Nabrajpur ga.pa. antargat Krishi Sinchaika lagi Deep Boring Jadan Karya (Ward No 1 & 5),Tender published on 2080-07-14(31 Oct,2023) in Himalaya Times National Daily, a first ammendment has been done and posted on EGP portal.
2. Please visit PPMO's e-GP system www.bolpatra.gov.np/egp for changes in bidding documents regarding ammendment-1.
3. Electronic bids must be submitted through PPMO's website:www.bolpatra.gov.np/egp on or before 2080/08/21 (07 Dec 2023) 12:00 noon and will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/08/21(07 Dec,2023), 2:00 p.m. at the office of Navrajpur Rural Municipality, Siraha.
4. Bid security amount of Nrs 3,08,000.00 shall be valid upto 2080/12/22 or 04 Apr 2024 .

**Chief Administrative Officer**


CMYK